## १३. पुरस्कारको व्यवस्था

**१. कुनै करदाताले कर छलेको विषयमा सूचना दिएमा सुराकीले पुरस्कार पाउने व्यवस्था छ ? छ भने कति पुरस्कार पाउँछ ? कहिले पाउँछ ? कहाँबाट पाउँछ ?**

*कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असूलउपर गरिएको करको रकम मध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत वरावरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सक्नेछ ।*

**२. कर प्रशासनलाई कस्तो कस्तो सहयोग गरेमा पुरस्कार पाउन सकिन्छ ?**

*कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिले पुरस्कार पाउने व्यवस्था छ ।*

**३. मेरो सहयोगले आन्तरिक राजस्व कर्यालयले गरेको राजस्व असुलीको कति प्रतिशत रकम मैले पुरस्कार पाउँछु ?**

*बीस प्रतिशत ।*

**४. कर छली सम्बन्धी सूचना दिई पुरस्कार पाउन मैले के के कागज पेश गर्नु पर्दछ ? के मैले आफ्नो नाम थाहा नदिई सांकेतिक चिन्ह प्रयोग गर्न सक्दछु ?**

*तपाईंले सूचना दिएको खुल्ने र तपाईंको परिचय खुल्ने कागजात ।*

**५. पुरस्कार पाउन निवेदन दिएको कति दिनभित्र कहाँबाट मैले पुरस्कार पाइसक्छु ?**

*महानिर्देशकको निर्णयले तपाईंले सूचना दिनु भएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट ।*

**६. समयमा पुरस्कार पाउन सकिन भने मैले कहाँ उजूरी गर्नु पर्दछ ?**

*अर्थ मन्त्रालयमा ।*